**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २७ नोभेम्बर २०२३

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

**१.** मुख्यमन्त्री ममता व्यानर्जीले आगामी १९ दिसम्बरदेखि शुरु दार्जिलिङ टी फेस्टिबल दोस्रो संस्करणको भर्चुवल उद्घाटन गर्नु हुनेछ I

**२.** पश्चिम बङ्गाल शिक्षा विभागका सिनियर स्पेसल सेक्रेटरी( विशेष सचिव) चन्दनी टुटुले मङपू आईटीआई बिल्डीङमा अस्थायी रूपमा संचालन भैरहेको दार्जिलिङ हिल युनिभर्सिटी साथै मङपू जोगीघाटमा निर्माण भइरहेको डीएचयु क्षेत्रको स्थलगत भ्रमण गर्नु भयो।

**३.** प्रवर्तन निदेशालयले करोडौ रुपिया चिटफंड घोटाला मामिलामा पश्चिम बंगालस्थित प्रयाग ग्रुपका दुई निदेशकलाई पक्राउ गरेको छ।

**४.** खरसाङको सिविटारमा साहित्यकार असीत राईको 84 औं जन्म जयन्ती साथै ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गरियो ।

**५.** अनुज्ञालय दार्जीलिङ अनि नेपालको गैरसरकारी सस्था शक्ति समूहको संयुक्त आयोजनामा क्रस बोर्डर ह्युमन ट्राफिकिङ बिषयमाथी एक दिवसीय कार्यशाला सम्पन्न भयो।

**दार्जिलिङ टी फेस्टिबल**

मुख्यमन्त्री ममता व्यानर्जीले आगामी १९ दिसम्बरदेखि शुरु दार्जिलिङ टी फेस्टिबल दोस्रो संस्करणको भर्चुवल उद्घाटन गर्नु हुनेछ I मुख्यमन्त्रीले सोही दिन पार्क स्ट्रिटमा क्रिसमस कार्निवलको पनि उद्घाटन गर्नु हुनेछ। चार दिवसीय दार्जिलिङ टी फेस्टिबलको उद्धाटनको दिन स्वीडेन निवासी 'युरोप' ब्याण्डका पूर्व गिटारवादक तथा भोकलिस्ट रक स्टार मार्सेलोले आफ्नो ब्यान्डसँग प्रत्यक्ष प्रस्तुति दिनेछन्। यो फेस्टिबल गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अनि दार्जिलिङ पुलिसको संयुक्त आयोजनामा हुन लागेको हो। यसको उद्देश्य स्थानीय कलाकारहरूलाई मञ्च उपलब्ध गराउने, पर्यटन प्रवर्द्धन गर्ने र युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्नु हो। दार्जिलिङका एस.पी. प्रवीण प्रकाशले आज महोत्सवले यस क्षेत्रमा लामो समयदेखि रहेको नकारात्मकतालाई कम गर्न सहयोग गरेको बताउनु भयो । उहाले 'नागाल्याण्डको हर्नबिल फेस्टिभल जस्तै यो पर्व अब हरेक वर्ष दार्जिलिङको पहिचान बन्ने बताउनु भएको छ ।

****** ० ******

**डीएचयु- विशेष सचिव**

पश्चिम बङ्गाल शिक्षा विभागका सिनियर स्पेसल सेक्रेटरी( विशेष सचिव) चन्दनी टुटुले मङपू आईटीआई बिल्डीङमा अस्थायी रूपमा संचालन भैरहेको दार्जिलिङ हिल युनिभर्सिटी साथै मङपू जोगीघाटमा निर्माण भइरहेको डीएचयु क्षेत्रको स्थलगत भ्रमण गर्नु भयो। जोगीघाटमा निर्माण भइरहेको डीएचयु क्षेत्रमा हालसम्म फेनसीङको कार्य मात्र भै रहेको र चाडैं अन्य काम पनि शुरु हुने विशेष सचिव चन्दनी टुटुले बताउनु भयो I उहाले कोरोनाकालको कारण नै भवन निर्माण अनि अन्य कार्यहरु गर्न विलम्ब भएको तर अब सम्पूर्ण कार्य चाडैं शुरु हुने बताउनु भयो । हाल दार्जीलिङ हिल युनिभर्सिटी अस्थायी रुपमा "मङपू आईटीआई बिल्डीङमा संचालित रहि आएको कारण थुप्रै समस्यहरु रहेको छ भने विशेष सचिवले यी समस्याहरुको पनि समाधान गर्ने बताउनु भयो। दार्जिलिङ हिल युनिभर्सिटी(डीएचयु)का रेजिस्टर्ड सुजाता रानी राईले पनि यहाँको सम्पुर्ण समस्यहरु सचिव समक्ष राखेका बताउनु भयो I

****** ० ******

**मालुटार प्राथमिक पाठशाला**

खरसाङ महकुमा अन्तर्गत तीनधारे महानदी समष्टिको मालुटार चियाबारी प्राथमिक पाठशालामा लामो समयदेखि प्रधान अध्यापक पाठशालामा उपस्थित नभएको कारण विद्यार्थीहरुको पढाईमा समस्या हुनुको साथै विगत २-३ महिनादेखि मिड डे मिलको खाना नपाकेको कारणले नानीहरुले नपाएको जानकारी प्राप्त भएको छ। यस समस्याको जानकारी प्राप्त भएपछि जीटीएको

जिल्ला प्राथमिक शिक्षा बोर्डका चेयरम्यान तिलकचन्द्र रोकाले हिजो मालुटार प्राथमिक पाठशालाको स्थलगत निरीक्षण गर्नु भयो । उहाले यस क्रममा विद्यार्थीहरु अनि पे ब्याण्ड शिक्षक र स्थानीयहरुसित पनि भेटघाट गर्नु भयो । उहाको भ्रमणको समय पनि पाठशालामा प्रधान अध्यापक अनुपस्थित रहेका थिए। जिल्ला प्राथमिक शिक्षा बोर्डको चेयरम्यान तिलकचन्द्र रोकाले पत्रकारहरुसित कुराकानी गर्नु हुदै मालुटार चियाबारी प्राथमिक पाठशालाका प्रधान अध्यपकलाई कारवाही गर्ने बताउनु भएको छ I उहाले प्राथमिक शिक्षा खरसाङ सर्कलको एसआईबाट मालुटार प्राथमिक पाठशालामा प्रधान अध्यापक पाठशालामा नआएको साथै पाठशालामा मिड डे मिलको खाना नपाकेको जानकारी पाएपछि धैरैपल्ट शोकस नोटिस पठाए पनि कुनै उत्तर नआएको साथै एकपल्ट उत्तर आए पनि हियरिङमा नआएको बताउनु भएको छ ।

****** ० ******

## सुभेन्दुअधिकारी

पश्चिम बंगाल विधान सभाका प्रतिपक्षी दलका नेता सुभेन्दु अधिकारीले बंगलादेशमा सनातन जागरण मञ्चका प्रवक्ता चिन्मय कृष्ण दासलाई पक्राउ गरेकोमा आलोचना गर्नु भएको छ । उहाले आज विधानसभा बाहिर पत्रकारहरुसंग कुरकानी गर्नु हुदै यस विषयमा सकारात्मक कदम नचालेमा राज्यको उत्तर २४ परगना जिल्ला अन्तर्गत भारत–बंगलादेश सीमामा रहेको पेट्रापोलमा धर्ना दिने बताउनु भएको छ । श्री अधिकारीले आज कोलकाताको रवीन्द्र सदनमा पनि विरोध र्‍यालीको नेतृत्व गर्नु भएको थियो । अर्कोतर्फ तृणमूल कांग्रेसका महासचिव अभिषेक व्यानार्जीले चिन्मय कृष्ण दासको गिरफ्तारीको सन्दर्भमा यो विदेशको मामिला भएकाले केन्द्र सरकारले आवश्यक कदम चल्नु पर्ने बताउनु भयो । बंगलादेशमा भएको घटनाको अभिषेक व्यानार्जीले पनि आलोचना गर्नु भएको छ ।

****** ० ******

## प्रयाग ग्रुप चिटफंड घोटा

प्रवर्तन निदेशालय (ईडी) ले करौड़ोंको चिटफंड घोटाला मामिलामा पश्चिम बंगाल स्थित प्रयाग ग्रुपका दुई निदेशक **बासुदेव बागची** अनि **अभिक बागची** लाई पक्राउ गरेको छ । यो कंपनी धैरै समय देखि ईडी अनि सीबीआई को नजरमा थियो । ईडीले कोलकातामा कंपनी सँग जुड़ेका विभिन्न स्थानहरु अनि दुवै निदेशकको आवासमा छापामरी अनि खोजि अभियान चलाए पछि यी दुई निदेशकलाई पक्राउ गरेको हो ।

प्रयाग ग्रुप माथी मल्टी-लेवल मार्केटिंग योजनाहरु अन्तर्गत मानिसहरुनबत भारी धनराशि जुटाउने, हवालाको मध्यम बाट पैसा बाहिर पठाउने , निवेशकहरुलाई तय रिटर्न दिनमा धोखाधड़ी गर्ने अनि मनी लॉन्ड्रिंग द्वारा **ब्लैक** मनीलाई वाईट बनाउने गंभीर आरोप लागेको छ। यस भन्दा अघि पनि यी दुई निर्देसकलाई सीबीआई ले ओडिशामा दर्ता गरिएको एक मामिलामा पक्राउ गरेको थियो। त्यस समय पनि कंपनी माथी पश्चिम बंगाल, ओडिशा, त्रिपुरा अनि असममा अवैध रूपमा मानिसहरुबाट धन जमा गर्ने आरोप लागेको थियो।

ईडी अनुसार, प्रयाग ग्रुप ले विभिन्न योजनाहरु अन्तर्गत लगभग दुई हजार करोड़ रुपियाँ जुटाएको छ। जांचमा थाहा लागे अनुसार यी दुवै निदेशक पश्चिम बंगालका पूर्व शिक्षा मंत्री अनि तृणमूल कांग्रेसका महासचिव पार्थ चटर्जी सँग धैरै नजिक थिए ।

****** ० ******

## असित राई जयन्ति

खरसाङ महकुमा अन्तर्गत सिविटारस्थित स्प्रिङडेल एकाडेमीमा साहित्यकार असीत राईको 84 औं जन्म जयन्ती समारोह साथै सिविटार चियाबारी क्षेत्रका 80 वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम सम्पन्न भएको छ। महानदी सिविटार वरिष्ठ नागरिक वेलफेयर सोसाइटी अनि हाम्रो दृष्टि अनलाईन न्यूज च्यानलको संयुक्त आयोजनामा सम्पन्न असीत राई जन्म जयन्ती समारोहको अध्यक्षता महानदी ग्राम पञ्चायतको पूर्व पञ्चायत प्रधान एंव भूतपूर्व प्रधान अध्यापक जुध्द शमशेर छेत्रीले गर्नु भएको थियो भने वरिष्ठ साहित्यकार एंव पूर्व प्रधान अध्यापक कुबीर प्रधान प्रमुख अतिथिको रुपमा उपस्थित हुनु हुन्थ्यो । कार्यक्रममा सभाध्यक्ष, प्रमुख अतिथि र विशिष्ट अतिथिहरुका बाहुलीबाट साहित्यकार असीत राईको तस्वीरमा धुप दीप प्रज्ज्वलन साथै खदार्पण र पुष्पोहार चढाएर श्रध्दाञ्जली अर्पण गरियो । कार्यक्रममा कवि एंव पत्रकार हनोक थापाले साहित्यकार असीत राईको साहित्यिक योगदान विषयमा वक्तव्य राख्नु हुदै असीत राईले भारतीय नेपाली साहित्यलाई महत्वपूर्ण योगदान दिनु भएको बताउनु हुदै असीत राईको स्मरणमा सिविटारमा पुस्तकालय स्थापना गरिनु पर्ने अनि महानदीमा सालिग निर्माण गरिनु पर्ने विषयमा जोड दिनु भयो ।

कार्यक्रममा वरिष्ठ नागरिक वेलफेयर सोसाइटीका सचिव नारायण प्रधान, उप प्रधान सोनिका तामाङ, पञ्चायत सदस्य राजीव तामाङ, प्रमुख अतिथि कुबीर प्रधान र सभाध्यक्ष जुध्द शमशेर छेत्री आदिले पनि वक्तव्य राखेका थिए। यस अवसरमा सिविटारका 80 वर्ष भन्दा अधिक उमेर पुगेका ज्येष्ठ नागरिकहरु शमशेर छेत्री, जगनाथ छेत्री, दुर्गाप्रसाद तामाङ, जुध्द शमशेर छेत्री, प्रेमलाल तामाङ र एसके प्रधानलाई सम्मान जनाइएको थियो।

****** ० ******

**डीजी मॉनिटरिंग कक्ष**

राज्यको कानून-व्यवस्था माथी नजर राख्नका लागी पश्चिम बंगाल सरकारले नवान्नमा एक विशेष मॉनिटरिंग कक्ष स्थापित गर्दैछ। यो कक्ष पुलिस महानिदेशक (डीजी) को कंट्रोल रूममा स्थापित गरिन्दै छ, जहां बाट सम्पूर्ण राज्यको सीसीटीवी फुटेज हेर्न सकिनेछ। यसलाई 2026 को विधानसभा चुनाव भन्दा पहिला सुरु गर्ने लक्ष्य राखिएको छ। यो पहल मुख्यमंत्री ममता बनर्जीको योजना अन्तर्गत अनि राज्य पुलिस महानिदेशक राजीव कुमारको देखरेखमा भइरहेको छ। नवान्न नजिक डीजी कंट्रोल रूममा मॉनिटरिंग सेलको निर्माण कार्य द्रूत गतिमा चलिरहेको छ। वेस्ट बंगाल इलेक्ट्रॉनिक्स इंडस्ट्री डेबलपमेंट कॉरपोरेशन (वेबेल) अनि अन्य तीन एजेंसिहरु यस कक्षको निर्माणमा जुटेका छन्।

****** ० ******

**अनुज्ञालय दार्जीलिङ**

दार्जिलिङको ख्यातिप्राप्त गैरसरकारी सस्था अनुज्ञालय दार्जीलिङ अनि नेपालको एक गैरसरकारी सस्था शक्ति समूहको सयु:क्त आयोजनामा आज क्रस बोर्डर ह्युमन ट्राफिकिङ बिषयमाथी एक दिवसीय कार्यशालाको आयोजन गरियो। दिव्यवानी भवनको प्रेक्षागृहमा सम्पन्न कार्यशालामा आनुग्यालय दार्जीलिङ एंव दार्जीलिङका विभिन्न क्षेत्रहरूबाट आएका प्रतिनिधिहरुसगै शक्ति समुह नेपालबाट विभिन्न क्षेत्रका 16 जाना प्रतिनिधिहरुले भाग लिएका थिए। कार्यशालामा क्रस बोर्डर ट्राफिनिङ बारेमा गम्भीरता पुर्वक चर्चा परिचर्चा गरिएको थियो I

****** ० ******

**पश्चिम बंगाल विधानसभा सत्र**

पश्चिम बंगालमा भारतीय जनता पार्टीका विधायकहरुले राज्यमा महिलाहरु अनि नानीहरु माथी भएको अत्याचारको घटनाहरुलाई लिएर आज विधानसभामा स्थगन प्रस्ताव राखेका थिए। महिला सदस्यहरुले यस मुद्दामा सदनमा बहसको मांग गरेका थिए। विधानसभा अध्यक्षले प्रस्ताव पढ्ने अनुमति दिए तर चर्चा गर्न माथी रोक लगाए। भाजपा सदस्यहरुले विधानसभा अध्यक्ष को यस कार्रवाईको विरोध गरे। भाजपाले यो पनि आरोप लगाएको छ की पार्टी विधायक तापसी मंडल जब यस मुद्दामा बोलिरहेका थे त्यस समय उनको माइक बंद गरिदिएको थियो।

****** ० ******

**मौसम**

पश्चिम बंगालमा आगामी 24 घण्टासम्म मौसम मुख्यतः सफा रहने सम्भावना छ। कोलकाता लगायत राज्यका अधिकांश जिल्लाहरूको तापमानमा सामान्य कमी दर्ता गरिएको छ जसबाट चिसोको प्रभाव बिस्तारै बढ़िरहेको छ। मौसम विभागले आज बताए अनुसार, कोलकातामा अधिकतम तापमान 27 डिग्री सेल्सियस अनि न्यूनतम तापमान 17 डिग्री सेल्सियस छेउछाउ रहने अनुमान छ।हावड़ा, हुगली, उत्तर 24 परगना अनि दक्षिण 24 परगनामा मौसम सफा रहनेछ। यी क्षेत्रहरूमा बिहान-बेलुकी चिसो महसूस भइरहेको छ भने दिउँसो सामान्य घाम लागेका कारणले मौसम रमाइलो भएको छ। पूर्व अनि पश्चिम मेदिनीपुरमा पनि तापमान सामान्य रहने सम्भावना छ भने मालदा, मुर्शिदाबाद र नादिया जस्ता उत्तरी जिल्लाहरूमा बिहानको समयमा हल्का चिसो अनुभव भैरहेको छ। दार्जीलिङ अनि कालेबुङ पहाड़ी क्षेत्रहरूमा चिसो बढ़िरहेको छ यहाँ तापमान अझ घट्ने सम्भावना रहेको छ।

****** ० ******